नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोन: ९८५१२८६७७०, ०१-५३१९०४४
Email: cyberbureau@nepalpolice.gov.np
भोटाहिटी, काठमाडौं

मिति: २०८१-१०-२२ गते ।
ने.सं. ११४५

# प्रेस विज्ञप्ति

## नेपाल प्रहरीका विशिष्ट व्यक्तिको नाम र दर्जा दुरुपयोग गरी साइबर ब्यूरोको फेक ईमेल बनाई ठगी कार्यमा संलग्न ब्यक्तिहरु पक्राउ ।

नेपाल प्रहरीका विशिष्ट व्यक्तिहरुको नाम, दर्जा तथा कार्यालयको लोगो समेत दुरूपयोग गरी झुट्टा पत्र तयार गरी यस ब्यूरोको फेक ईमेल (cyberbureau.gov.np@cyber-wizard.com) समेत बनाई, सोही ईमेल मार्फत पीडितलाई डर त्रासमा पारी रकम माग गरी ठगी गरेको सम्वन्धमा पीडितको निवेदन प्राप्त भई सो सम्बन्धमा प्राविधिक विश्लेषण सहितको अनुसन्धान गर्ने क्रममा उक्त कार्यमा संलग्न व्यक्तिहरु जिल्ला सुनसरी देवानगंज गा.पा. वडा नं ७ स्थायी वतन भएको अन्दाजी वर्ष २० को मनिष कुमार मेहता र जिल्ला सुनसरी देवानगंज गा.पा. वडा नं १ स्थायी वतन भएको अन्दाजी वर्ष २१ को ईन्द्रजित यादव खुल्न आएकोले निजहरुलाई विद्युतीय माध्यम सम्वद्ध ठगी अन्तर्गतको कसुरमा मिति २०८१।१०।२० गते जिल्ला प्रहरी कार्यालय मोरङ्गको सहयोगमा पक्राउ गरी सम्मानित काठमाडौं जिल्ला अदालतबाट दिन सात (७) म्याद थप भई आवश्यक अनुसन्धान कार्य भइरहेको ।

उप-निर्देशक
(दिपक राज अवस्थी)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं.९८५१२८६७७२